अटिज्म मूल्याङ्कन प्रतिवेदन बुझ्ने

सिफारिस सम्बन्धी जानकारी

सामान्यतया छोटो हुन्छ र तपाईंको बच्चालाई कसले र किन सिफारिस गरेको हो भन्ने आधारभूत जानकारी प्रदान गर्छ

मूल्याङ्कनका अवयवहरू

प्रयोग गरिएका विशेष उपकरणहरू, प्रश्नावलीहरू, र जाँचसूचीहरूको सूची, साथै अभिलेखहरूको समीक्षा वा अन्य मूल्याङ्कन प्रतिवेदनहरू जस्ता अन्य जानकारीहरू।

पृष्ठभूमि वा इतिहास

यसमा तपाईंको बच्चाको विकासात्मक, चिकित्सकीय, सामाजिक, र शैक्षिक इतिहास समावेश हुन्छ। यसमा हालका चिन्ताहरू, सेवाहरू, वा उपचारहरू पनि समावेश हुन सक्छन्।

नतिजा

यसमा सबै मूल्याङ्कन अवयवहरूको नतिजा समावेश हुन्छ। नतिजाहरू तालिका वा अनुच्छेदको रूपमा प्रस्तुत गर्न सकिन्छ। सेवा प्रदायकहरूले नतिजा फरक–फरक तरिकाले लेख्न सक्छन्, तर सधैँ तपाईंको बच्चाको कार्यक्षमता र प्राप्त अङ्कसम्बन्धी जानकारी समावेश गर्नुपर्छ।



पाइएको निष्कर्षहरूको सारांश

मूल्याङ्कनका नतिजाहरू मिलेर तपाईंको बच्चाको विस्तृत तस्वीर तयार गर्छन् र मूल्याङ्कन गराउन प्रेरित गरेका चिन्ताहरूको व्याख्या पनि समावेश गर्छन्।

निदानहरू / रोग–पहिचानहरू

यसमा मूल्याङ्कनको परिणामस्वरूप दिइएका कुनै पनि निदानहरूको सूची समावेश हुन्छ र तपाईंको बच्चालाई अटिज्म छ कि छैन भन्ने जानकारी पनि दिइन्छ। यसमा अन्य सेवा प्रदायकहरूले दिएका निदानहरू पनि समावेश हुन सक्छन्।

सिफारिसहरू / सिफारिस गरिएका सुझावहरू

यो सबैभन्दा महत्वपूर्ण खण्ड हो र यसमा "अर्को कदमहरू" र अतिरिक्त सहयोग पाउन सकिने स्थानहरूको जानकारी समावेश हुनुपर्छ। यसमा विशेष उपचार, थप परीक्षण, औषधि सल्लाह, वा सहयोगी पुस्तकहरू र/वा वेबसाइटहरू पनि समावेश हुन सक्छन्।

Nepali